Terhathum Multiple Campus Research Journal Vol. 8 No. 3 2025

ISSN: 2565-487X (Print)

Submitted Date: Oct. 09, 2024

Accepted Date: May 11, 2025

Research management Cell, Terhathum Multiple Campus

# शैली विश्लेषण प्रक्रिया र भाषाशिक्षण

**डा. केशव भुसाल***

***लेखसार***

प्रस्तुत लेख शैलीविज्ञानको अध्ययनमा केन्द्रित छ । यसमा शैलीविज्ञानको महत्तम पक्ष शैली विश्लेषण प्रक्रिया र भाषाशिक्षणबारे अध्ययन गरिएको छ । यस अध्ययनका मुख्य उद्देश्य शैली विश्लेषणको प्रक्रिया प्रस्तुत गर्नु र शैलीवैज्ञानिक दृष्टिमा भाषाशिक्षणको अवधारणा प्रस्तुत गर्नु रहेका छन् । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित छ । यसमा सैद्धान्तिक अनुसन्धान पद्धतिको उपयोग गरिएको छ । यसमा मुख्य रूपमा अङ्ग्रेजी सैद्धान्तिक सामग्री र आंशिक रूपमा नेपाली सैद्धान्तिक सामग्रीको अध्ययन र उपयोग गरिएको छ । यी सैद्धान्तिक सामग्रीको अध्ययनबाट प्राप्त गरिएका शैली विश्लेषण र भाषाशिक्षणसँग सम्बन्धित अवधारणाहरूको समीक्षा र संश्लेषण गरिएको छ । यस अध्ययनमा शैली विश्लेषण र भाषाशिक्षणका सम्बन्धमा प्राप्त गरिएका तथ्यहरूको तुलनात्मक अध्ययन गरी विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनबाट शैली विश्लेषण प्रक्रियामा भाषगत संरचना, साहित्यिक संरचना र शैलीगत संरचनाको अध्ययन, विश्लेषण गरिने, भाषिक संरचना अन्तर्गत ध्वनितात्त्विक व्यवस्था, कोशीय व्यवस्था र व्याकरणिक व्यवस्थाको अध्ययन गरिने, साहित्यिक संरचना अन्तर्गत बनोट र बुनोटको अध्ययन गरिने, शैली संरचना अन्तर्गत विकल्पन र चयन तथा अग्रभूमि निर्माणको अध्ययन विश्लेषण गरिने, यस क्रममा सामग्री सङ्कलन, व्याख्या-विश्लेषण र निष्कर्षणको प्रक्रिया अवलम्बन गरिने लगायतका निष्कर्ष निकालिएको छ । साथै सन्दर्भ अनुसार प्रयोग गरिने भाषाको विश्लेषण गर्न, कृति वा रचनाका भाषाशैलीगत विशेषताको व्याख्या गर्न, व्यक्त अभिव्यक्तिको आशय ग्रहण गर्न, भाषिक अभिव्यक्तिको प्रयोग, व्यवहारमा भाषाका प्रयोक्ताहरूलाई सघाउन तथा व्यक्त अभिव्यक्तिको कुशल व्याख्यात्मक क्षमता विकासका लागि पाठकलाई मद्दत गर्न सहयोग पुऱ्याउने भएकाले शैलीविज्ञानको भाषाशैक्षणिक महत्त्व रहेको निचोड प्रस्तुत गरिएको छ । यसबाट शैली विश्लेषण प्रक्रिया र भाषाशिक्षण सम्बन्धमा आधारित रही अध्ययन, अनुसन्धान गर्न चाहने जोकोहीका लागि आवश्यक सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

*प्रमुख शब्दावली :* शैलीविज्ञान, शैली विश्लेषण प्रक्रिया, शैली विश्लेषण अभ्यास, भाषाशिक्षण

---

*उपप्राध्यापक, नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर,

keshabbhusal.tu@gmail.com

## अध्ययनको पृष्ठभूमि

शैलीविज्ञान निश्चित सन्दर्भमा आधारित भई प्रयोग गरिने भाषाको अध्ययन, विश्लेषणसँग सम्बन्धित सिद्धान्त हो । यसलाई भाषा प्रयोगको शैली विश्लेषण गर्ने पद्धतिका रूपमा लिइन्छ । नगेन्द्र (सन् १९८०) का अनुसार साहित्य भाषा प्रयोगको कला हो अर्थात् विशेष प्रयोग विधि वा शैली हो । यसको समीक्षा भनेको यही प्रयोग विधि वा शैलीको विवेचना हो अनि विवेचनाको नियम वा संहिता शैलीविज्ञान हो । यस अर्थमा शैलीविज्ञानलाई निश्चित विधिमा आधारित मान्यताका रूपमा व्याख्या गर्न सकिन्छ ।

साहित्यिक कृति वा रचनाको अध्ययन, विश्लेषणका सन्दर्भमा बहुविध दृष्टिकोणहरू प्राप्त गर्न सकिन्छ । नेपाल (सन् २००९) का अनुसार आधुनिक शैलीवैज्ञानिक अध्ययनका सन्दर्भमा दुई मुख्य धारणाहरू पृष्ठभूमिका रूपमा रहेका छन् : - भाषा प्रयोगको सम्पूर्ण प्रयोग, प्रक्रिया शैलीविज्ञानको अध्ययन क्षेत्र हो - साहित्यिक भाषाशैलीको अध्ययन मात्र शैलीविज्ञानको क्षेत्र हो । यी दुई धारणामध्ये पहिलो धारणाका पक्षधर विद्वान्का रूपमा सस्युर, चार्ल्स बाली, रोमन याकोब्सनलगायत देखा पर्छन् भने दोस्रो धारणाका पक्षधर विद्वान्का रूपमा स्पिटजर, एङ्कविष्ट, उल्मन, लिचलगायत देखा पर्छन् । त्यस्तैशैली प्रयोगको लेखकीय र पाठ्य विशेषताका आधारमा यससम्बद्ध दुई दृष्टिकोण देखिएका छन् : लेखकीय व्यक्तित्वको सापेक्षतामा शैलीविश्लेषण - पाठगत विशेषताका सापेक्षतामा शैली विश्लेषण । यी दुई दृष्टिकोणमध्ये पहिलो दृष्टिकोणले शैलीलाई व्यक्ति स्वयम्का रूपमा र लेखकीय बौद्धिक अध्यासको प्रतिफलका रूपमा व्याख्या गर्नुपर्ने मान्यता राख्दछ भने दोस्रो दृष्टिकोणले साहित्यिक पाठ वा रचनामा व्यवहृत भाषाका आधारमा विश्लेषण गर्नुपर्ने मान्यता राख्दछ । अर्बाम्स एन्ड हर्फाम (सन् २००१) का अनुसार शैलीविज्ञानका मुख्य दुई तरिका रहेका छन् । जसलाई यसको प्रयोगसम्बन्धी धारणा र क्षेत्रले भिन्न तुल्याउँछन् । - रूपवादी शैलीवैज्ञानिक तरिका र - साहित्यिक भाषाको अध्ययन । यी दुई तरिकामध्ये रूपवादी शैलीवैज्ञानिक तरिका पाठमा के भनिएको छ र कसरी भनिएको छ का बिचको भिन्नता निर्धारणमा आधारित रहेको छ भने साहित्यिक भाषाको अध्ययनगत तरिका साहित्यमा प्रयुक्त भाषाको अध्ययनबाट अनुभूत हुने विभिन्न पक्षसँग सम्बन्धित रहेको छ । सिम्सन (सन् २००४) का अनुसार शैलीविज्ञानिक अध्ययन निमयबद्ध हुनुपर्छ, पुनर्प्राप्य हुनुपर्छ  र अनुकरणीय हुनुपर्छ । शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित यी विविध धारणालाई दृष्टिगत गर्दा शैलीविज्ञानको अध्ययनीय दायरा फराकिलो रहेको गतार्थ हुन्छ ।

शैलीविज्ञानिक अध्ययनका सन्दर्भमा कृतिको बाह्य र आन्तरिक पक्षको अध्ययन विश्लेषण गरिन्छ । शर्मा (२०५९) का अनुसार हरेक कृतिमा अभिव्यक्ति र कथ्य गरी दुई पक्ष हुन्छन् । जसमध्ये अभिव्यक्तिपक्ष कृतिको बाह्य वा रूप पक्षसँग र कथ्य पक्ष कृतिको आन्तरिक वा अर्थसन्दर्भसँग सम्बन्धित हुन्छ । शैलीविज्ञानमा कृतिको बाह्यतल वा मूर्त आकारबाट गहनतल वा अमूर्त आकारमा ओर्लने प्रक्रिया अँगालिन्छ । यस क्रममा शैलीविज्ञानले कृतिको अमूर्त आकारलाई मूर्त आकारबाट बुझ्ने सामर्थ्य प्रदान गर्दछ ।साहित्यिक

कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषणले पूर्णता प्राप्त गर्ने तीन स्तर रहेका छन् : आधार सामग्रीको स्तर, कला माध्यमको स्तर र कला प्रतीकको स्तर । यीमध्ये आधार सामग्रीको स्तरलाई शैलीवैज्ञानिक अध्ययनको प्रारम्भिक स्तरका रूपमा लिइन्छ । यसमा वाक्य वा वाक्यभन्दा साना एकाइको अध्ययन विश्लेषण हुन्छ । कला माध्यमको स्तरलाई वाक्यभन्दा वृहत्तर सन्दर्भको अध्ययनमा आधारित मानिन्छ । यसमा छन्दयोजना, अर्थ, लय, विम्ब, प्रतीक, कथानक, चरित्र निर्माण, अलङ्कार, सादृश्य विधान आदिको अध्ययन विश्लेषण गरिन्छ । कला प्रतीकको स्तर विवेच्य कृतिलाई एउटा सिङ्गो कला प्रतीकका रूपमा हेर्ने दृष्टिकोणसँग निबद्ध रहेको छ । यसमा कृतिलाई  बनोट वा संरचना र बुनोट वा आभिव्यक्तिक पूर्णताका कोणबाट नियालिन्छ ।

उसो त साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययनका क्रममा भाषा प्रयोगको पाठ्यान्तरिक सन्दर्भ र पाठ्येतर सन्दर्भमा पनि ध्यान दिनुपर्ने हुन्छ । यीमध्ये पाठ्यान्तरिक सन्दर्भमा वार्णिक, रूपात्मक वाक्यात्मक, कोशीय, विराम चिन्ह प्रयोगजस्ता भाषिक सन्दर्भ र आदि, मध्य, अन्त्य, पाठ्यांशहरूका बिचको सम्बन्ध, छन्द, मुद्रण, ढाँचाजस्ता रचनात्मक सन्दर्भ पर्छन् भने पाठेतर सन्दर्भमा अवधि, वक्ता लेखक, श्रोता पाठक तिनीहरूका बिचको उमेर, लिङ्ग, आत्मियता, प्रतिष्ठा, परिवेश, शारीरिक क्रियाकलाप भाषा, भाषिका आदि पर्छन् । यी दुबै सन्दर्भको सूक्ष्म पर्यावलोकनका आधारमा कृतिको शैलीवैज्ञानिक अध्ययन सम्भव हुने मानिन्छ । यस किसिमको सैद्धान्तिक मान्यताको सूक्ष्म अध्ययन, अनुसन्धान नभइरहेको वर्तमान परिवेशमा शैली विश्लेषण प्रक्रिया र भाषाशिक्षणबारे अध्ययन गरिएको छ । यसबाट शैलीवैज्ञानिक अध्ययनका क्षेत्रमा धेरथोर सहयोग पुग्ने अपेक्षा राखिएको छ । प्रस्तुत अध्ययनको मुख्य उद्देश्य शैलीविज्ञानको अध्ययन गर्नु रहेको छ । यसका अन्य उद्देश्यका रूपमा शैली विश्लेषणको प्रक्रिया प्रस्तुत गर्नु, शैलीवैज्ञानिक दृष्टिमा भाषाशिक्षणबारे व्याख्या गर्नुलगायत रहेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस अध्ययनमा वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ । यसमा खासगरी अङ्ग्रेजी भाषामा लेखिएका सैद्धान्तिक सामग्रीहरूको उपयोग गरिएको छ भने केही मात्रामा नेपाली भाषामा लेखिएका सैद्धान्तिक सामग्रीको पनि उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा अङ्ग्रेजी सामग्री तथा नेपाली सैद्धान्तिक सामग्रीको अध्ययन, अनुसन्धानबाट प्राप्त गरिएका तथ्यहरूलाई शैली विश्लेषण प्रक्रियासँग सम्बद्ध तुल्याई विभिन्न शीर्षकहरूमा प्रस्तुत गरी विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा भाषाशिक्षणसम्बद्ध अवधारणालाई भने वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । यस क्रममा आवश्यकतानुसार दृष्टान्त पनिउल्लेख गरिएको छ ।

## व्याख्या विश्लेषण

शैली विश्लेषण प्रक्रिया र भाषाशिक्षणसँग सम्बन्धित रही गरिएको प्रस्तुत अध्ययनका सिलसिलामा प्राप्त गरिएका तथ्यहरूलाई निम्नानुसार विभिन्न शीर्षकमा राखी व्याख्या, विवेचन गरिएको छ :

### शैली विश्लेषण प्रक्रिया

साहित्यिक कृतिमा निहित भाषात्मक शैलीको अध्ययन गर्ने कार्यलाई शैली विश्लेषण भनिन्छ । शैली विश्लेषण वा शैली अध्ययन गद्य वा पद्य दुबै खाले साहित्यिक रचनाको गर्न सकिने भए पनि उत्पत्ति र झुकावका दृष्टिले दृष्टिले यसको विशेष सम्बन्ध काव्य वा कविता क्षेत्रसँग रहेको देखिन्छ । कृति वा रचनाको शैली अध्ययनका क्रममा त्यसको बाहिरी र भित्री पक्षलाई सूक्ष्म रूपमा नियालिन्छ र विश्लेषण गरिन्छ । कृति वा रचनाको बाहिरी पक्षले कृति वा रचनामा व्यक्त अभिव्यक्ति वा भनाइलाई जनाउँछ भने भित्री पक्षले कृति वा रचनामा निहित आर्थी पक्षलाई दर्साउँछ ।


कृतिको शैलीवैज्ञानिक अध्ययन आधार सामग्रीको तह, कला माध्यमको तह र कला प्रतीकको तहमा आधारित हुन्छ । जसमध्ये आधार सामग्रीको तहमा वाक्यदेखि रूपसम्मका स्तरको अध्ययन गरिन्छ । जसलाई भाषावैज्ञानिक तहका रूपमा लिइन्छ । कला माध्यमको तहमा छन्द, लय, विम्ब, प्रतीक आदिको अध्ययन गरिन्छ । जसलाई साहित्यिक तहका रूपमा लिइन्छ । कला प्रतीकको तहमा कृतिको बनोट र बुनोटको अध्ययन गरिन्छ । जसलाई संरचनात्मक तहका रूपमा लिइन्छ ।

साहित्यिक कृतिको अध्ययन विश्लेषणका सन्दर्भमा विभिन्न प्रारूप एवम् प्रक्रियामा ध्यान दिनुपर्ने हुन्छ । शर्मा (२०५९) का अनुसार सबै खालका कृतिको उचित र उपयुक्त विश्लेषणका लागि आवश्यक प्रारूपलाई तीन प्रकारमा विभाजन गर्न सकिन्छ : चयन, अग्रभूमि र शैलीचिह्नक । जसमध्ये चयनअन्तर्गत कृति वा रचनामा निहित भाषिक चयन वा छनोटहरू (व्यावहारिक, व्याकरणगत, शैलीगत, पर्यायवाची, वाक्यात्मक ढाँचागत, प्राविधिक वा पारिभाषिक आदि) को निर्धारण र विश्लेषण गर्नुपर्छ । अग्रभूमिअन्तर्गत विचलन र समानान्तरताका माध्यमबाट कृतिमा स्थापित सौन्दर्यको विश्लेषण गर्नुपर्छ । शैलीचिह्नकअन्तर्गत वैयक्तिक, सामूहिक, प्रत्यक्ष र अध्याहारगत शैलीचिह्नकहरूको निर्धारण र विवेचन गर्नुपर्छ । साहित्यिक कृति वा रचनाको शैली अध्ययनका लागि लागि निर्धारण गरिएका उल्लिखित तीन प्रकारमध्ये कुनै एक प्रकारमा मात्र आधारित भएर पनि कृति वा रचनाको शैलीवैज्ञानिक अध्ययन गर्न सकिन्छ ।

साहित्यिक कृतिको शैली विश्लेषणका सम्बन्धमा सुरा (सन् २०१९) भन्छन् - "कुनै पनि साहित्यिक कृतिको शैली विश्लेषणका लागि ध्वनिविज्ञान, वाक्यविज्ञान, अर्थविज्ञान, प्रकरणार्थविज्ञान र संज्ञानात्मक भाषाविज्ञानलाई आवश्यकीय उपकरणका रूपमा लिइन्छ भने लेखप्रक्रियात्मक, ध्वनितात्त्विक, रूपतात्त्विक र

कोशीय-वाक्यात्मक तहलाई आवश्यकीय तत्त्वका रूपमा लिइन्छ।" सुराको यस अवधारणालाई अवेक्षण गर्दा साहित्यिक कृति वा रचनाको शैलीवैज्ञानिक अध्ययन, विश्लेषण भाषावैज्ञानिक तर्कमा आधारित देखिन्छ। साथै कृति वा रचनाको शैली विवेचनार्थ अनेकन् आधारहरू निर्धारण गर्नुपर्छ।

साहित्यिक कृतिको शैली विश्लेषणका सन्दर्भमा देखा परेका उल्लिखित आधारहरूलाई दृष्टिगत गर्दा शैली विश्लेषण प्रक्रियाको स्वरूपलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :




***भाषिक संरचना***

शैली विश्लेषणको यस क्षेत्रमा साहित्यिक कृतिमा व्यवहृत ध्वनितात्त्विक व्यवस्था, कोशीय व्यवस्था र व्याकरणिक व्यवस्थाको अध्ययन गरिन्छ। ध्वनितात्त्विक व्यवस्था अन्तर्गत स्वर र व्यञ्जन ध्वनिको प्रयोग, ध्वनि समूह र तिनको विशेषता, ध्वनिको पारस्परिक समन्वय, ध्वन्यात्मक एकरूपता, आवृत्ति, सुर, तान, अनुतान, लय तथा अनुप्रास मिलानलगायतको अन्वेषण गरिन्छ। कोशीय व्यवस्थाअन्तर्गत कृतिमा प्रयुक्त शब्दभण्डार, तिनको स्वरूप र भूमिका, शाब्दी एकाइका बिचको सम्बन्ध, पर्यायवाची, विपरीतार्थी र समावशी-समावेश्य अर्थ सम्बन्धलगायतको अध्ययन गरिन्छ। व्याकरणिक व्यवस्थाअन्तर्गत भाषिक रूप र वाक्यको अध्ययन गरिन्छ। भाषिक रूपको अध्ययनका क्रममा शब्दमा शब्दमा रूपको संयोजन, सर्गको प्रयोग, रूपको विन्यासलगायतको अन्वेषण गरिन्छ भने वाक्यको अध्ययनका क्रममा व्याकरणिक कोटिको व्यवहार तथा पदक्रमको अध्ययन अनुसन्धान गरिन्छ।

***साहित्यिक संरचना***

शैली विश्लेषणको यस क्षेत्रमा मुख्यतः बनोट र बुनोटको अध्ययन गरिन्छ। वास्तवमा बनोटले साहित्यिक कृति वा रचनाको साङ्गोपाङ्ग स्वरूपलाई जनाउँदछ। अर्थात् यसले कृतिलाई नै जनाउँदछ। यसको स्वरूप निर्माणमा विभिन्न घटकहरू जस्तै : नाटकका सन्दर्भमा कथानक, पात्र, अङ्क, दृश्य, संवाद आदि, कविताका सन्दर्भमा विषयवस्तु, लय, श्लोक, छन्द आदिको भूमिका रहेको हुन्छ। यस दृष्टिले बनोटलाई

कृतिका लघु घटकहरूको समष्टि योगका रूपमा लिइन्छ । बुनोट साहित्यिक रचना वा कृतिको त्यस्तो विशेषता हो, जसले बनोटको सिर्जना गर्दछ । नाटक र कविताका सन्दर्भमा उपर्उल्लिखित लघु घटकहरूलाई बुनोटका रूपमा लिइन्छ । साहित्यिक कृति वा रचनामा बुनोटले अर्थपूर्ण पाठात्मक एकता र आर्थी पारस्परिकताको भूमिका निर्वाह गर्छ । यसको अभावमा वक्ता वा साहित्यिक कृति वा रचना पृथक्-पृथक् वाक्यहरूको समूहका रूपमा रहन पुग्दछ । साहित्यिक कृतिको शैली विश्लेषणका क्रममा यी दुबै पक्ष : बनोट र बुनोटको सूक्ष्म समीक्षण गरिन्छ ।

### *शैली संरचना*

शैली विश्लेषणको यस क्षेत्रमा विकल्पन र चयन तथा अग्रभूमि निर्माणको अध्ययन विश्लेषण गरिन्छ । जसमध्ये विकल्पन र चयन अन्तर्गत भाषामा उपलब्ध विभिन्न भाषिक विकल्प र तिनका आधारमा गरिएका चयनहरूको अध्ययन गरिन्छ । यस क्रममा विकल्पको भन्दा चयनको अध्ययनमा विशेष जोड दिइन्छ । भाषिक चयनअन्तर्गत शब्द चयन र वाक्य चयनका अतिरिक्त निजी भाषा चयन, उखान टुक्का चयन, विराम चिह्न चयन, विम्ब प्रतीक चयन, शैली चयन आदिको समेत व्याख्या विवेचन गरिन्छ । त्यस्तै अग्रभूमि निर्माणअन्तर्गत विचलन र समानान्तरताको अध्ययन विश्लेषण गरिन्छ । यस क्रममा विचलन अन्तर्गत ध्वनितात्त्विक, कोशीय, व्याकरणिक, आर्थी, प्रयुक्तिगत, भाषिकागत, लेखप्रक्रियात्मक आदि विचलन तथा समानान्तरताअन्तर्गत ध्वनितात्त्विक, कोशीय, व्याकरणिक र अर्थतात्त्विक समानान्तरताको अध्ययन गरिन्छ । शैलीवैज्ञानिक अध्ययनमा विकल्पन र चयन तथा अग्रभूमि निर्माणले कृतिको सौन्दर्य सिर्जनामा खेलेको भूमिकाको यथार्थ उद्घाटन गरिन्छ ।

कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययनमा उल्लिखित आधार एवम् प्रारूपको प्रयोग गर्न सकिन्छ । यस क्रममा निम्नानुसारको प्रक्रिया अवलम्बन अँगालिन्छ :

### *सामग्री सङ्कलन*

यो साहित्यिक शैली विश्लेषणको पहिलो चरण हो । यस चरणमा सर्वप्रथम विश्लेष्य विधाको निर्धारण गरिन्छ । त्यसपछि साहित्यिक कृति वा त्यसका अंशको छनोट गरिन्छ । यस्तो कार्य विश्लेष्य कृति वा अंशको प्रकृति, उपलब्धता, विश्लेषकको रुचि, ज्ञान र क्षमतामा आधारित हुनु उपयुक्त हुन्छ । सामग्री सङ्कलनका यी आधारहरूले शैली विश्लेषण कार्यलाई सहज तुल्याउने मानिन्छ ।

### *व्याख्या विश्लेषण*

यो साहित्यिक शैली विश्लेषणको दोस्रो चरण हो । यस चरणमा सङ्कलित साहित्यिक कृति वा कृतिकांशको विश्लेषण गरिन्छ । यस क्रममा शैली विश्लेषणका आधारहरूको अनुप्रयोग गरिन्छ । वस्तुतः शैली

विश्लेषणमा भाषिक संरचना, साहित्यिक संरचना र शैली संरचनालाई अध्ययनीय आधारका रूपमा लिइन्छ। यीमध्ये कुनै एक वा सबै आधारको उपयोग गर्न सकिन्छ। अद्यापि कृतिको शैली विश्लेषण गर्दा अन्य आधारका तुलनामा शैली संरचनालाई आधार बनाउनु धेरै हदसम्म श्रेयस्कर मानिन्छ।

***निष्कर्षण***

यो साहित्यिक कृति विश्लेषणको अन्तिम चरण हो। यस चरणमा व्याख्या विश्लेषणको निष्कर्ष प्रस्तुत गरिन्छ। त्यसैले यसलाई अध्ययनीय सारका रूपमा लिइन्छ। यसअन्तर्गत निर्धारित मापदण्डका आधारमा विश्लेषित कृति वा कृतिकांशको शैलीगत निचोड प्रस्तुत गरिन्छ। शैली अध्ययनको निष्कर्षका आधारमा सम्बन्धित साहित्यिक रचनामा व्यवहृत शैलीको वस्तुगत स्थिति प्रकाशित हुन्छ।

तथोक्त आधार, प्रारूप एवम् प्रक्रियाहरूलाई अँगालेर साहित्यिक कृतिको शैली विश्लेषण गर्न सकिन्छ।

**शैली विश्लेषण र भाषाशिक्षण**

शैलीवैज्ञान साहित्यिक कृतिमा व्यवहृत भाषाको गुण, धर्म र विशेषता अध्ययनसँग सम्बन्धित सिद्धान्त हो। यसमा साहित्यिक कृतिको अध्ययन विश्लेषणका लागि भाषागत, साहित्यिक र शैलीकीय आधारहरूको उपयोग गर्न सकिन्छ। शैलीवैज्ञानिक अध्ययनबाट विभिन्न विधा र सन्दर्भअनुसार प्रयोग गरिने भाषिक शैलीको वस्तुगत विवेचन गर्न सकिन्छ। यसको सैद्धान्तिक अवधारणा र आभ्यासिक परम्परालाई साहित्यिक कृतिको शैली विश्लेषणका अतिरिक्त भाषाशिक्षणमा समेत उपयोग गर्न सकिन्छ।

कुनै पनि भाषाशिक्षणको मूल उद्देश्य विद्यार्थीलाई सम्बन्धित भाषाको प्रयोगमा समर्थ तुल्याउनु हो। अर्थात् विद्यार्थीमा सम्प्रेषणात्मक सक्षमताको अभिवृद्धि गर्नु हो। यद्यपि परम्परागत शिक्षणले व्याकरणिक विधि र भाषिक स्वरूप तथा भाषिक संरचनामा मात्र ध्यान दिएर भाषाका दुई मुख्य तह : कार्य र सामाजिक-सांस्कृतिक अर्थलाई बेवास्ता गरेको मेकार्थी र कार्टर (सन् १९९४) को दृष्टिकोण तथा बिसौं शताब्दीका केही दशकसम्म पनि भाषावैज्ञानिक अध्ययनले भाषिक रूप र संरचना र त्यसमा पनि वाक्यात्मक अध्ययनमा जोड दिएको मेकार्थी (सन् २००१) को अभिव्यक्तिले एकातिर परम्परागत भाषाशिक्षण नियममा आधारित रहेको र अर्कोतिर शिक्षण प्रणालीमा अपेक्षित सुधार आउन नसकेको यथार्थ झल्किन्छ। यसलाई दृष्टिगत गर्दा भाषाशिक्षणको प्राचीन परम्परामा संरचनात्मक परिपाटीको व्यापकता रहेको पाउन सकिन्छ। जसअन्तर्गत उच्चारण, व्याकरण र शब्दभण्डारको शिक्षणमा विशेष जोड दिइएको पाइन्छ। वस्तुतः बिसौं शताब्दीको उत्तरार्द्धमा परम्परागत भाषाशिक्षणको तौरतरिकाबाट विद्यार्थीमा समग्र भाषिक सक्षमताको विकास सम्भव नहुने दृष्टिकोण विकसित हुँदै गएपछि यसमा क्रमशः सुधार आउन थालेको देखिन्छ। यस सन्दर्भमा मुख्यतः

भाषाविज्ञान र साहित्यका क्षेत्रमा विकसित विभिन्न सिद्धान्तहरूको उल्लेख्य भूमिका रहेको पाइन्छ। जस अन्तर्गत शैलीवैज्ञानिक अवधारणालाई पनि लिन सकिन्छ।

भाषाशिक्षण विद्यार्थीहरूमा भाषिक सिप एवम् कुशलता अभिवृद्धिका लागि गरिने शिक्षण हो। यसमा साहित्यका गद्य-पद्य विधाका विभिन्न रचनाहरूलाई भाषागत सिप एवम् सक्षमता विकासका साधनका रूपमा उपयोग गरिन्छ। तिनको प्रभावकारी सहजीकरण वा शिक्षणबाट विद्यार्थीमा भाषागत क्षमता विकासको अपेक्षा गरिएको हुन्छ। सिकाइ शिक्षणका सिलसिलामा प्रयोग गरिने साहित्यिक विधा वा रचनाका पाठमा साहित्यिक शिल्पको व्यापक प्रयोग गरिन्छ। जसको युक्तियुक्त बोध र विवेचनका लागि शैलीवैज्ञानिक ज्ञान तथा सुझको आवश्यकता पर्छ। त्यसो त शैलीविज्ञानलाई भाषाविज्ञान र साहित्य समालोचनालाई जोड्ने पुलका रूपमा लिइन्छ। यसलाई न त शुद्ध भाषाविज्ञान मानिन्छ न त साहित्यिक समालोचना। यसर्थ शैलीवैज्ञानिकहरूले कृति वा रचनाको शैलीकीय अध्ययन, अनुसन्धानमा भाषावैज्ञानिक र साहित्यिक समालोचककारूपमा कार्य गर्ने अभिप्राय राख्छन्। सिकाइ शिक्षणका सन्दर्भमा शैलीवैज्ञानिक अध्ययनको कार्य साहित्यिक कृति वा रचनाप्रति पाठक वर्गलाई उद्दीप्त तुल्याउन रहेको छ। वेल्स (सन् १९९०) का अनुसार शैलीविज्ञानको लक्ष्य केवल पाठको संरचनात्मक विशेषताको व्याख्या गर्नु होइन, पाठको व्याख्याका लागि तिनीहरूको कार्यात्मक महत्वमाथि प्रकाश पार्नु हो। यसलाई अवेक्षण गर्दा शैलीविज्ञानले साहित्यिक पाठ वा रचनालाई दुई किसिमले अध्ययन, विश्लेषण गर्छ - संरचनात्मक र प्रकार्यात्मक।

शैलीवैज्ञानिकहरूका दृष्टिमा साहित्यिक पाठ वा रचनामा प्रयुक्त विचलन र समानान्तरताजस्ता शैलीगत पक्षहरूको अध्ययन शैलीविज्ञानबाट मात्र सम्भव हुन्छ। अर्को शब्दमा साहित्यिक कृति वा रचनामा व्यवहृत विचलन र समानान्तरताजस्ता उपकरणहरूको बोध तथा विश्लेषण शैलीविज्ञानका माध्यमबाट मात्र अवलोकन गर्न, बुझ्न र विश्लेषण गर्न सकिन्छ। कविताका सन्दर्भमा कविहरूले समावेश गर्ने विचलन र समानान्तरता जुन अपरम्परागत प्रयोगका रूपमा व्यवहृत भएको हुन्छ। सोसँग अभ्यस्त हुन र त्यसबाट प्रभावित गहिरो आशयको उपयुक्त बोध गर्न शैलीविज्ञानले सघाउँछ। कविहरूले अग्रभूमि निर्माण गर्न जानीजानी विचलनको प्रयोग गर्दछन्। यस किसिमको व्यवहार काव्यात्मक रचनाका अतिरिक्त अन्य रचनामा पनि देख्न सकिन्छ। साथै साहित्यिक रचनाहरूमा शैली संरचना (विचलन र समानान्तरता) का अलावा भाषिक संरचना ( ध्वनितात्त्विक, कोशीय र व्याकरणिक) र साहित्यिक संरचना (बनोट र बुनोट) को पनि विशिष्ट स्थान देख्न सकिन्छ। भ्यान पियर (सन् १९८६) जस्ता अन्वेषकहरूले पत्ता लगाएका छन् कि पाठक वा विद्यार्थीहरूले पाठ पठन र व्याख्यानका क्रममा ससाना विवरण लिन्छन् र अर्थपूर्ण व्याख्यान गर्छन्। यथार्थतः शैलीविज्ञानले साहित्यिक कृति वा रचनामा व्यवहृत शैली र त्यसका माध्यमबाट कृति वा रचनामा उत्पन्न भएको चमत्कृति पहिचानमा आवश्यकीय मद्दत गर्छ।

साहित्यिक रचना पठन र बोधका माध्यमबाट विद्यार्थीहरूमा सम्बन्धित भाषाको प्रयोगगत सक्षमताको विकास हुन्छ । साथै प्रयुक्त भाषिक व्यवहारसँग अभ्यस्त हुने अवसर प्राप्त हुन्छ । साहित्यिक रचना पढ्दा विद्यार्थीहरूमा शब्दभण्डार र मानसिक शब्दकोश वृद्धि हुन्छ । विद्यार्थीले व्याकरण र शब्दकोशको ज्ञान साहित्यिक पाठको व्याख्या गर्न प्रयोग गर्न सक्छन् । कृष्णमूर्थि (सन् २०१२) का अनुसार शैलीविज्ञानले भाषा सिकाइका लागि महत्त्वपूर्ण सहयोग उपलब्ध गराउँछ । किनकि यसले भाषाले कसरी काम गर्छ भन्ने कुरा प्रस्तुत गर्छ । सिकाइ शिक्षणका सन्दर्भमा शैलीविज्ञानले विद्यार्थीमा निम्न पक्षको विकास गर्ने मानिन्छ :

- भाषाका बारेमा विद्यार्थीहरूको सोच्ने तरिकालाई समृद्ध बनाउँछ ।
- विद्यार्थीहरूको आधारभूत भाषिक सिप सुधारमा सघाउँछ ।
- विद्यार्थीहरूको रचनात्मक गतिविधिलाई प्रोत्साहित गर्दछ ।
- विद्यार्थीहरूलाई भाषिक र साहित्यिक समालोचकका रूपमा काम गर्न प्रेरित गर्छ ।

फलस्वरूप विद्यार्थीहरू भाषाको सक्षम उपयोगकर्ता बन्न पुग्छन् । अर्थात् उनीहरू सम्बन्धित भाषाको प्रयोगमा समर्थ हुन्छन् ।

वास्तवमा साहित्यको अध्ययन एक रमणीय गतिविधि हो । जसले शिक्षक र विद्यार्थी दुबैलाई विभिन्न लाभहरू प्रदान गर्दछ । साहित्यले पाठकहरूलाई विश्वको विविधता, व्यक्तिहरूको विविधता, संस्कृति, वास्तविकता र बाहिरका ठाउँमा प्रवेश गर्न सक्षम बनाउँछ । वास्तवमा साहित्य अध्ययन गर्नु भनेको साहित्य लेखिएको भाषाको पनि अध्ययन गर्नु हो । जहाँ साहित्य र भाषा एकसाथ बाँधिएका हुन्छन् । तसर्थ साहित्यका अध्येताले भाषाको संरचनाबारे ज्ञान ग्रहण गर्नु आवश्यक हुन्छ । यस सम्बन्धमा शैलीविज्ञानले आवश्यक सुझ उपलब्ध गराउने मानिन्छ । कृष्णमूर्थि (सन् २०१२) का अनुसार शैलीविज्ञानले साहित्यिक प्रतिक्रियाहरूलाई स्पष्ट पार्ने प्रयत्न गर्दछ । यसले शिक्षकहरूलाई सशक्तीकरण गर्न र साहित्यिक पाठ विश्लेषणमा सक्षम बनाउन सघाएको छ । साथै पाठहरूलाई साहित्यको रूपमा सिकाउन समेत मद्दत पुऱ्याएको छ ।

भाषाशिक्षण एवम् साहित्कि रचनाको शिक्षणका क्रममा साहित्यिक समालोचना र भाषाविज्ञानको विशिष्ट भूमिका हुन्छ । वस्तुतः शैलीवैज्ञानले साहित्यिक समालोचना र भाषाविज्ञानलाई निम्नानुसारले जोड्ने काम गर्दछ :

विधा : साहित्यिक समालोचना ← → भाषाविज्ञान

शैली

विषय : साहित्य ← → भाषा

भाषा र साहित्यसँगको शैलीविज्ञानिक सम्बन्धलाई दृष्टिगत गर्दा शैलीविज्ञानले भाषा र साहित्यको शिक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ । शैलीवैज्ञानिक दृष्टिमा भाषाशिक्षणका माध्यमबाट

विद्यार्थीहरूले भाषा जान्नु भनेको त्यसको ध्वनि प्रणाली, वाक्य प्रणाली र अर्थ प्रणाली मात्र जान्नु होइन, भाषा प्रयोगको स्वरूप, ढाँचा र सन्दर्भपरक शैलीको पहिचान र प्रयोगमा सक्षम हुनु हो । साथै अध्ययनीय पाठको विधागत संरचना, पाठमा प्रयुक्त ध्वनि, शब्द, रूप, वाक्य, अर्थ, प्रयुक्ति, भाषिका, शब्दगत सान्निध्य, छन्द, लय, अलङ्कार, सन्दर्भपरक भाषा प्रयोग आदिको पहिचान र व्याख्या विवेचनमा आफूलाई समर्थ तुल्याउनु हो । सिकाइ शिक्षणका सन्दर्भमा शिक्षकले साहित्य वा साहित्यिक रचनाको शिक्षण भाषिक क्षमतामा समृद्धि ल्याउन, सिकाइमा ताजापन ल्याउन र भाषा प्रयोगमा नवीनता सिकाउनका लागि गर्छन् । यो पनि स्पष्ट छ कि शैलीवैज्ञानिक अन्तर्दृष्टिले साहित्यका शिक्षकलाई सक्षमतापूर्वक शैक्षणिक कार्य सम्पादन गर्न मद्दत गर्दछ । रङ्खम्बी र पटेल (सन् २०१९) का अनुसार शैलीविज्ञानले साहित्यिक पाठका सन्दर्भमा निम्न दुई चासो प्रस्तुत गर्दछ :

- कार्य प्रणालीगत : जसको सम्बन्ध साहित्यको प्रकृतिसँग रहेको हुन्छ ।
- शैक्षणिक : जसले शैलीवैज्ञानिक विश्लेषण शिक्षणीय प्रयोजनका लागि हो भन्ने दर्साउँछ ।

यसले के जनाउँछ भने पाठमा प्रयोग भएका भाषिक एकाइको अन्वेषणका लागि र पाठकको मस्तिष्कमा घटित व्याख्यात्मक प्रक्रियाको अन्वेषणका लागि शैलीविज्ञान उपयोगी रहेको छ । साथै साहित्यिक रचनाको अपेक्षित शिक्षणका लागि यो प्रभावकारी रहेको छ । उसो त कुनै पनि पाठलाई कृतिमा प्रयुक्त भाषिक सङ्केतका आधारमा पाठ्येतर र अन्तर्पाठात्मक सम्बन्धसँग समन्वित तुल्याई व्याख्या विवेचन गर्नका लागि पनि शैलीवैज्ञानिक दृष्टिकोण महत्त्वपूर्ण साबित भएको छ ।

समग्रतः शैलीविज्ञानको शैक्षणिक महत्तालाई निम्नानानुसारका बुँदामा प्रस्तुत गर्न सकिन्छ :

- साहित्यिक रचनामा प्रयुक्त भाषाको अध्ययन गर्न
- सन्दर्भ अनुसार प्रयोग गरिने भाषिक शैलीको विश्लेषण गर्न
- साहित्यिक रचनाको उपयुक्त बोध र व्याख्या गर्न
- साहित्यिक रचनाप्रति पाठकीय ध्यान आकर्षित गर्न
- पाठको संरचनात्मक र प्रकार्यात्मक विशेषताको व्याख्या गर्न
- साहित्यिक रचनामा पाइने शैलीगत विविधताको पहिचान गर्न
- साहित्यिक रचनामा अन्तर्भूत गहन अर्थ ग्रहण गर्न
- साहित्यिक रचनामा व्यवहृत विचलन र समानान्तरताको अन्वेषण गर्न
- साहित्यिक रचनामा उत्पन्न चमत्कृति पहिचान गर्न
- सुन्दर साहित्यिक रचनाको छनोट र सिर्जना गर्न
- विद्यार्थीहरूमा भाषिक कुशलताको विकास गर्न

- विद्यार्थीहरूको सोच्ने तरिका समृद्ध तुल्याउन
- विद्यार्थीहरूको रचनात्मक गतिविधिलाई प्रोत्साहित गर्न
- शिक्षकहरूलाई साहित्यिक रचना विश्लेषणमा सक्षम बनाउन
- सिकाइमा ताजापन ल्याउन र भाषा प्रयोगमा नवीनता सिकाउन
- पाठकहरूमा व्याख्यात्मक कार्यकुशलताको विकास गर्न, आदि ।

## निष्कर्ष

प्रस्तुत अध्ययनका आधारमा शैलीविज्ञान, शैली विश्लेषण प्रक्रिया र शैलीवैज्ञानिक दृष्टिमा भाषाशिक्षण सम्बन्धमा विभिन्न निचोड निकालिएको छ । वास्तवमा शैलीविज्ञान ज्ञानको एक नयाँ र महत्त्वपूर्ण शाखाका रूपमा देखा परको छ । कुनै पनि भाषा प्रयोगको शैली विश्लेषणमा भाषिक संरचना, साहित्यिक संरचना र शैली संरचनाको अध्ययन गर्न सकिन्छ । यस क्रममा भाषिक सामग्री सङ्कलन, व्याख्या-विश्लेषण र निष्कर्षणको प्रक्रिया अवलम्बन गर्न सकिन्छ । सन्दर्भअनुसार गरिने भाषाको विश्लेषण गर्न, कृति वा रचनाका भाषाशैलीगत विशेषताको व्याख्या गर्न, व्यक्त अभिव्यक्तिको आशय ग्रहण गर्न, भाषिक अभिव्यक्तिको प्रयोग, व्यवहारमा भाषाका प्रयोक्ताहरूलाई सघाउन तथा व्यक्त अभिव्यक्तिको कुशल व्याख्यात्मक क्षमता विकासका लागि पाठकलाई मद्दत गर्न शैलीविज्ञानले सहयोग पुऱ्याउने देखिन्छ । भाषाविज्ञानसँग यसको समन्वय साहित्यिक विश्लेषणका लागि गर्न सकिने देखिएको छ । यसले एकातिर पाठकहरूलाई साहित्यिक समझका रणनीतिहरू सञ्चार गर्न मद्दत गर्ने देखिन्छ भने अर्कोतिर सिक्ने र सिकाउने कार्यमा विद्यार्थी र शिक्षकलाई आवश्यक सुझ उपलब्ध गराउने देखिन्छ । सिकाइ शिक्षणका सन्दर्भमा यसको प्रभावकारी व्यवहारबाट अपेक्षित उपलब्धि हासिल गर्न सकिने मानिन्छ ।

## सन्दर्भ सामग्री सूची


कृष्णमूर्थि, एस. (सन् २०१२), लिटरेचर एन्ड द टिचिङ अफ स्टाइलिस्टिक्सः एन इन्भेस्टिगेसन इनटु द प्राग्माटिक्स अफ कम्युनिटी फर्मेसन इन द एजुकेसनल कन्टेक्स्ट अफ नामिबिया, *सिनो-युएस इङ्लिस टिचिङ,* वर्ष ९, अङ्क आठ, पृपृ. १३५३-१३६५ ।

नगेन्द्र (सन् १९८०), *शैलीविज्ञान,* : नेसनल पब्लिसिङ् हाउस ।

नेपाल, घनश्याम (सन् २००९), *शैलीविज्ञान,* एकता बुक हाउस ।

मेकार्थी, एम. (सन् २००१), *इस्यु इन अप्लाइड लिङ्ग्विस्टिक्स;*: क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

मेकार्थी, एम. एन्ड कार्टर, आर. (सम्पा) (सन् १९९४), *ल्याङ्ग्विज एज डिस्कोर्स : पर्सपेक्टिभ्स फर ल्याङ्ग्विज टिचिङ,* लन्डन : लङ्म्यान ।

रङ्खम्बी, भी. ए. र पटेल, पी. एफ. (सन् २०१९), स्टाइलिस्टिक एप्रोच टु द टिचिङ अफ लिटरेचर, इन्टरनेसनल *जर्नल अफ मल्टिफेस्टेड एन्ड मल्टिलिङ्गुअल स्टडिज,* वर्ष ३, अङ्क १२, पृपृ. १-४ ।

वेल्स, के. (सन् २००१) *अ डिक्सनरी अफ स्टाइलिस्टिक्स,* लन्डन : पियर्सन एजुकेसन लिमिटेड ।

शर्मा, मोहनराज (२०५९), शैलीविज्ञान, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिम्सन, पी. (सन् २००४), *स्टाइलिस्टिक्स: अ रिसोर्स बुक फर स्टुडन्ट्स* लन्डन : राउटलेज ।

सुरा एम. एन. (सन् २०१९), अ स्टाइलिस्टिक एनलाइसिस सुहेयर हम्माड्स वाट आइ विल, *रसियन लिङ्ग्विस्टिक्स बुलेटिन,* वर्ष ३, अङ्क १९, पृपृ. २५-३० ।